डिलासैनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

डिलासैनी, बैतडी

कार्यपालिका बैठक नं. १६

मिति २०८०।०३।१० गते, ११:०० बजे

उपस्थिति:

श्री सन्तोष प्रकाश जोशी (गाउँपालिका अध्यक्ष)
श्री भगीरथ बोहरा (गाउँपालिका उपाध्यक्ष)
श्री कृष्ण कुमार धामी(सदस्य)
श्री नवराज घरडी (सदस्य)
श्री रघुविर बोहरा (सदस्य)
श्री हरी दत्त पन्त (सदस्य)
श्री यज्ञ राज भट्ट (सदस्य)
श्री उत्तर बहादुर बोहरा (सदस्य)
श्री प्रकाशमणी भट्ट (सदस्य)
श्री कलावती लुहार (सदस्य)
श्री कविता भूल (सदस्य)
श्री दुर्गा धामी (सदस्य)
श्री मानमती लुहार (सदस्य)
श्री बिमला बोहरा (सदस्य)
श्री शारदा बोहरा (सदस्य)
श्री गणेश सिंह बोहरा (सदस्य सचिव)

कार्यपालिका बैठकमा पेश भएका प्रस्ताव र पारित भएका निर्णयहरु:

प्रस्ताव नं. १: नीति तथा कार्यक्रम गाउँसमा पेश गर्ने सम्बन्धमा ।

निर्णय नं. १ डिलासैनी गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम गाउँसभाको १३ औं अधिवेशनमा पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

प्रस्ताव नं. २: १० शैय्याको अस्पताल निर्माण सम्बन्धमा ।

निर्णय नं. २ डिलासैनी गाउँपालिका अन्तरगत डिलासैनी स्वास्थ्य चौकीको स्तरोन्नती गरि १० शैय्याको अस्पताल निर्माणका लागि २ वर्ष अगाडि ठेक्का भई हाल सम्म पनि काम सम्पन्न गर्न नसकेकोले यस गाउँपालिकाका सबै राजनीतिक दलका पदाधिकारी एवम् प्रतिनिधिहरुको राय

सम्झौता बमोजिम नियमानुसार उक्त निर्माण व्यवसायीले यो कार्य तोकिएको समयसीमामा सम्पन्न हुन नसक्ने भएकाले उक्त ठेका रद्द गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

प्रस्ताव नं. ३: चर्मण्वावती साहित्य सम्मेलन तथा नेपाल भारत काव्य गोष्ठी २०८० घोषणापत्र सम्बन्धमा ।

निर्णय नं. ३ डिलासैनी गाउँपालिकाको प्रवर्द्धन एवम् राष्ट्रियता संरक्षण अभियान बैतडीको आयोजनामा २०८० जेठ १५ र १६ गते सम्पन्न भएको चर्मण्यावती साहित्य सम्मेलन तथा नेपाल भार काव्य गोष्ठी २०८० जारी भएको घोषणापत्र अक्षरसः कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

प्रस्ताव नं. ४: पालिका गान सम्बन्धमा ।

निर्णय नं. ४ डिलासैनी गाउँपालिका मौलिकता झल्कने तथा आफ्नो पहिचानलाई चिनाउनका लागि सार्वजनिक सूचना आव्हान गरि उत्कृष्ट रचनालाई यस पालिकाको पालिका गान छनौट गरि कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।